# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६] काठमाडौं, माघ २५ गते २०३३ साल [संख्या ४२

श्री ५ को सरकार

### शिक्षा मन्त्रालयको

### सूचना

भक्तपुर विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०३३

भक्तपुर विकास समिति (गठन) आदेश, २०३१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, विकास समिति ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो आदेशको नाम "भक्तपुर विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०३३" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. भक्तपुर विकास समिति (गठन) आदेश, २०३१ को दफा ३ मा संशोधनः भक्तपुर विकास समिति (गठन) आदेश, २०३१ (यसपछि 'मूल आदेश" भनिएको) को दफा ३ को उप–दफा (२) को खण्ड (क) र (च) को सट्टा देहायको खण्ड (क) र (च) राखिएका छन्:–

(क) निर्माण तथा यातायात मन्त्री वा राज्य मन्त्री– अध्यक्ष

(च) अध्यक्ष, गठी संस्थान– सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२२

३. मूल आदेशको दफा ४ मा संशोधनः मूल आदेशको दफा ४ को उप–दफा (२) को खण्ड (ग) पछि देहायको खण्ड (ग १) थपिएको छः–

"(ग १) परियोजना अन्तर्गत पर्ने पुरातात्विक महत्व भएको मठ, मन्दिर, विहार, भवन र अन्य प्राचीन स्मारकहरूको जीर्णोद्धार र संरक्षण पुरातत्व विभागको स्वीकृति र पुरातत्व विशेषज्ञको सल्लाह बमोजिम गर्ने,"

४. मूल आदेशको दफा ६ मा संशोधनः मूल आदेशको दफा ६ मा रहेको "शिक्षा मन्त्रालय, पुरातत्व विभाग" भन्ने वाक्यांशको सट्टा "निर्माण तथा यातायात मन्त्रालय, आवास भवन तथा भौतिक परियोजना विभाग, काठमाडौं उपत्यका नगर विकास योजना टोली" भन्ने वाक्यांश राखिएको छ ।

आज्ञाले–
कृष्णबहादुर मानन्धर
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।